स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पूर्वमिस नेपाल श्रृंखला खतिवडाले सञ्चार उद्यमी सम्भव सिरोहियासँगको प्रेमलाई सार्वजनिक रुपमा स्वीकारेकी छन् । इन्स्टाग्राममा सम्भवसँगको रोमान्टिक तस्वीर सेयर गर्दै उनले ठूलो आँटका साथ प्रेम सम्बन्धलाई सार्वजनिक गरेको उल्लेख गरेकी छन् । आफूहरु प्रेममा रहेको जानकारी दिँदै श्रृंखला लेख्छिन् नमस्ते, हामी सम्भव र श्रृंखला हौं । हाम्रो बीचको नाम होपलेस-रोमान्टिक हो । हामी दुबै अन्तर्मुखी व्यक्तिलाई आफ्नो प्रेम सार्वजनिक गर्न ठूलै साहस उठाउनुपरेको छ । तर, यो हामीले भन्नैपर्ने समय हो ।"

**आजको विचार...**



जगन्नाथ पन्त

महान... (दुई पेजमा)

फिल्म 'भष्मे डन' टिमले पशुपतिनाथ मन्दिरमा क्षमा पूजा गरेको छ । सोमबार बेलुका गरिएको पूजामा निर्माता तथा लेखक खगेन्द्र लामिछाने, अभिनेत्री स्वस्तिमा खड्का, निर्देशक दीपेन्द्र के खनाल लगायत सहभागी रहे । पशुपति क्षेत्रमा ६५ दिनसम्म फिल्मको सुटिङ भएको थियो । लेखक तथा निर्माता लामिछानेले छायांकनको क्रममा गल्ती कमजोरी भएको खण्डमा माफी पाऊँ भन्दै क्षमा पूजा गरिएको बताए । अभिनेत्री खड्काले फिल्मको क्षमा पूजा गरेको आषना लागि पहिलो अनुभव भएको बताइन् ।



❒ वर्ष २९ ❒ अंक ९३ ❒ २०८० कार्तिक १ गते बुधबार 18 October 2023, Wednesday ❒ पृष्ठ संख्या 8 मूल्य रु ५/-

## सक्षिप्त समाचार

### छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

**पाल्पा,** असोज ३०/जिल्लामा भएका छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको छ । यहाँका तानसेन नगरपालिका र रैनादेवी छहरा गाउँपालिकामा भएका छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको हो । मंगलबार तानसेन-१ उकालोपिपलका ४० वर्षीय एक पुरुष आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन् । जिल्लाका प्रहरी कार्यालयका अनुसार खुमबहादुर सार्की आफ्नै घरको विस्तारमा मृत अवस्थामा फेला परेका हुन् । बिहान अबेरसम्म पनि घरको ढोका नखोले पछि छिमेकी वीरबहादुर नेपालीले घरमा गई झ्यालबाट हेर्दा घर भित्रै सुतिरहेको अवस्थामा देखेपछि बोलाउदा समेत नउठेकाले प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै अस्थाई प्रहरी पोष्ट भुसलडाँडा र जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी अनुसन्धान अधिकृत सहितको टोलीले प्रारम्भिक अनुसन्धान गरी शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पामा पठाइएको थियो । यस्तै रैनादेवी छहरा गाउँपालिका -२ सर्देवामा रहेको सिजि कम्पनीमा ट्रस बनाउने क्रममा माथिबाट खसेर एक जनाको मृत्यु भएको छ । कपिलबस्तु महाराजगंज नगरपालिका-६ सहरनियाका ३० वर्षीय ईजमान खान अचानक २२ मिटर माथिबाट तल खस्न गई घाईते भएका थिए । उनको उपचारको क्रममा मिसन अस्पतालमा मृत्यु भएको प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । दुवै घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# दसैँको मुखमा छोइनसक्नु महँगी

## उपभोग्य वस्तुको बजार मूल्य आकासिए पनि अनुगमन गरी बजारलाई नियमन गर्नेतर्फ सम्बन्धित निकायले प्रभावकारी कदम चाल्न सकेका छैन । जसको मारमा आम उपभोक्ता परेका छन् ।

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ३०/दसैँ नजिकिँदै गर्दा महँगी अचाक्ली बढेको छ । दसैँको मुखमा चामल, हरियो तरकारी, खाने तेल, लत्ताकपडा र जुत्ताको मूल्य अत्याधिक बढेको हो । बजारमा दसैँको किनमेल सुरु भएको छ । तर बजारभाउ महँगो हुँदा उपभोक्ता दसैँको सरसामान कसरी जुटाउने भन्ने अन्योलमा छन् ।

सरकारले बजेट र मौद्रिक नीतिमार्फत मुद्रास्फीति ६.५ प्रतिशत कायम गर्ने लक्ष्य लिएको छ । तर, नेपालमा सुरुवाती महिनाबाटै चर्को मल्यवृद्धिको सामना गर्नु परेको तथ्यांकले देखाएको छ । नेपाल राष्ट्र बैंकका अनुसार भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.१९ प्रतिशत रहेको देखिएको छ । तथ्यांक अनुसार अघिल्लो वर्ष यसै अवधिमा मुद्रास्फीति ८.६४ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार यस वर्ष पनि खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति धेरै रहेको छ । यसले भान्सा महँगो बनाइरहेको छ । उपभोग्य वस्तुको बजार मूल्य आकासिए पनि अनुगमन गरी बजारलाई नियमन गर्नेतर्फ सम्बन्धित निकायले प्रभावकारी कदम चाल्न सकेका छैन । जसको मारमा आम उपभोक्ता परेका छन् ।



एक महिना अघिसम्म एक सय ९० रूपैयाँ किलो पाइने अडहरको दाल अहिले २ सय ४० पुगेको छ । मुसुरीको दाल अहिले एक सय ६० रूपैयाँ किलो पुगेको छ । त्यस्तै किलोको ९० देखि एक सय पर्ने चिनी अहिले एक सय २० देखि ३० सम्म विक्री भइरहेको छ । एक सय रूपैयाँमा पाईने चना अहिले किलोको एक सय ६० पुगेको छ । चामलको मूल्य पनि उस्तै छ । दुई महिना अघि एक हजार ९ सयमा पाइने २५ किलोको जिरा मसिनो चामल अहिले २ हजार ३ सय पुगेको छ । सोयाविन, सूर्यमुखी र तोरी तेलको मूल्य पनि बढेको छ । अहिले सोयाविन २ सय, तोरी र सूर्यमुखी २ सय १५ देखि २० सम्म पर्ने गरेको छ ।

खाद्यान्न मात्र होइन होटल तथा रेष्टुरेन्टका सामग्री, मरमसला, ग्याँस, कपडा, भाडा वर्तन, विद्युतीय सामग्री लगायतका हरेक वस्तुको मूल्य बढेको छ । बजारभाउ महँगो हुँदा उपभोक्ता दसैँको सरसामान कसरी जुटाउने भन्ने सकसमा छन् । तानसेन-३ भगवती टोलकी नारायणी गाहाले चिनी, दाल, कपडा सबैको मूल्य बढ्दा आफु जस्ता सामन्य आए भएकाहरु मारमा परेको बताइन् । उनले भनिन् 'साउनदेखि यता मूल्य एकदमै बढेको छ । सबै खाद्यन्नको मूल्य बढ्दा गाह्रो भएको छ । आयआर्जन छैन ।' लत्ताकपडा पनि महँगो उस्तै छ । दसैँका लागि भनेर तानसेन तेस्रो सडकमा कपडा किन्न पुगेका बगनासकाली गाउँपालिकाका रोहित गाहा अघिल्लो वर्ष एक हजार २ सयमा किनेको जिन्स पाइन्ट अहिले दुई हजार पर्दा छक्क परे । उनी भन्छन् 'अघिल्लो वर्ष दसैँमा १० रुपैयाँमा पनि पाइन्ट नबिकेर व्यापारीहरुको आउला भनेर हेरेर बसेका हुन्थे । अहिले त दसैँको मुखमा २ हजार भन्छन्, १५ सय रुपैयाँको जुत्तालाई अहिले दुई हजार रुपैयाँमा घट्नै मान्दैनन् व्यापारी ।' मूल्य वृद्धिले दसैँ, तिहार कसरी मनाउने भनेर उपभोक्ता चिन्तित छन् । सरकारले प्रभावकारी अनुगमन नगर्दा उपभोक्ता समस्यामा परेका हुन् ।

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

*चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,*

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पामा प्रहरी दिवसको अवसरमा सम्मान तथा पुर्नमिलन

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज ३०/जिल्ला प्रहरी कार्यालय पाल्पाले ६८ औं प्रहरी दिवस तथा पुर्नमिलन कार्यक्रम गरेको छ । प्रहरीले विभिन्न कार्यक्रमहरुको आयोजना गरी दिवस तथा पुर्नमिलन कार्यक्रम गरेको हो ।

नेपाल प्रहरीले असोज ३० गतेलाई प्रहरी दिवसको रुपमा मनाउँदै आएको छ । नेपाल प्रहरीको स्थापना २०१२ साल असोज ३० गते भएको हो । प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय पाल्पाले उत्कृष्ट काम गर्ने प्रहरीहरुलाई नगद सहित प्रमाणपत्रबाट पुरस्कृत गरेको छ । विभिन्न किसिमबाट प्रहरीलाई सहयोग गर्ने विभिन्न निकाय संघ संस्थाहरुलाई जिल्ला प्रहरी कार्यालय पाल्पाले सम्मान गरेको हो । दिवसको अवसरमा विभिन्न समयमा सेवामा खटिदा



विरगती प्राप्त गरेका अमर प्रहरीका परिवारहरुलाई दोषल्ला ओढाएर सम्मान गरिएको थियो । अमर प्रहरी प्रति प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्मा, प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठ लगायतले अमर प्रहरी प्रति पुष्पगुच्छा अर्पण गर्दै माल्यापर्ण गरेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बास्तोलाले सिंहदरबारदेखि जनताको घरदैलोसम्म पुग्ने जनताको हरेक दु:ख सुखमा साथ दिने एक मात्र संस्था नेपाल प्रहरी भएको बताए । जनताको हरेक विपद्का घटनादेखि जस्तोसुकै काममा प्रहरीको अहम भूमिका भएको प्रजिअ बास्तोलाले बताए । प्रहरीलाई प्रविधिमैत्री बनाउन सके अझै गुणस्तरीय सेवा प्रदान गर्न सकिने भएकाले राज्यका हरेक निकायले प्रहरीलाई साधन, स्रोतयुक्त बनाउनुपर्नेमा प्रजिअ बास्तोलाले बताए ।

कार्यक्रममा प्रहरी प्रमुख शर्माले नेपाल सरकारको कानुन कार्यान्वयनदेखि हरेक जनताको पिरमर्कामा प्रहरीको सक्रिय भूमिका रहेको बताए । अग्रज प्रहरी र अमर प्रहरीको मार्ग दर्शन र नेपालको कानुन अनुसार प्रहरी परिचालन हुँदै आएको प्रहरी प्रमुख शर्माले बताए । प्रहरी नायव उपरिक्षक सुगन्ध श्रेष्ठको स्वागत प्रहरी सहायक निरिक्षक गणेश विकको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## चाडपर्वका बेला सचेत बनौं

हिन्दु धर्मावलम्बीहरूको मुख्य चाड दसैं लागेसँगै सहरबजार तथा कार्यथलोबाट घर फर्किनेको चाप बढ्दो छरु। घर फर्किनेको ताँती टीकाको अघिल्लो दिनसम्मै कायम रहने छ । पर्व मनाउन घर फर्किनेको संख्याले हर्ष, उल्लास र रमाइलोको पनि संकेत गर्छ, तर रमाइलोसँगै यो अवधिमा अपराधका घटना पनि बढ्न सक्छन् । कार्यथलोबाट चाडपर्व मनाउन घर गएको मौका छोपेर अपराधिक मानसिकता भएका व्यक्ति तथा समूहले चोरी, डकैती, लुटपाटजन्य गतिविधि बढाउन सक्छन् । अझ यो जोखिम सहरी इलाकामा बढी देखिन्छ । गलत प्रवृत्ति भएका र आपराधिक चिन्तन बोकेका मानिस यसै पनि चाडपर्वको समयमा सक्रिय हुन्छन् । भीडभाडको अनुचित फाइदा उठाउँदै चोरी, डकैती र ठगी धन्दा यस्तै मानिसबाट भएको पाइन्छ । चाडपर्वको समयमा गाउँघरमा समेत चोरी, डकैतीको सम्भावना हुन्छ । खसीबोका चोरदेखि गरगहना लुटपाट गर्ने तत्वहरु जुनसुकै ठाउँमा पुग्न सक्ने भएकाले विशेषगरी चाडपर्वको समयमा आफू र आफ्नो सामानको सुरक्षा गर्नेतर्फ ध्यान दिन आवश्यक छ ।

चाडपर्वका बेला घट्ने यस्ता घटना न्यूनिकरणका लागि प्रहरीले आफ्नोतर्फबाट प्रयास गर्दै आएको छ । त्यसैले हरेक वर्ष चाडपर्व लक्षित विशेष सुरक्षा लागू गर्ने गरिएको छ तर, यतिले मात्रै पुग्दैन । प्रहरीको प्रयासका बाबजुद पनि दुर्घटना, चोरी जस्ता आपराधिक क्रियाकलाप हुने गरेका छन् । अपराधका घटना समुदायमा घट्ने र अपराधी पनि समुदायमै रहने कारणले प्रहरीबाट सबै सम्भव छैन । त्यसैले चोरी जस्ता घटनामा सबै नागरिक जागरुक बन्न आवश्यक छ । अहिले मनोरञ्जनदेखि गोपनीयता अपनाउनुपर्ने विषयमा समेत मानिसहरु सामाजिक सञ्जालमा छताछुल्ल पोखेको पाइन्छ । समान किन्दै, पैसा झिक्दै, परिवारसँग फलानो ठाउँमा घुम्न जाँदै मैले यस्ता गहना किने जस्ता नितान्त व्यक्तिगत र पारिवारिक कुरासमेत सार्वजनिक गर्दा गलत मनसाय भएका व्यक्तिले अनुचित फाइदा उठाउन सक्छन् । तसर्थ चोरी, डकैती जस्ता अपराधिक गतिविधि हुन नदिन बेलैमा सजग र सचेत बनौं ।

## Opinion @ Social Network


साथी र सत्रुलाई कहिलै विश्वास दिलाउनु आवश्यक छैन
किनकि सत्रुले कुनै कुराको विश्वास नै गर्दैन र साथीले कहिलै शंखा गर्दैन ।
*(पुनम गौतमको फेसबुक स्टाटसबाट www.facebook.com/gm.pariniti)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# महान पर्व बडा दसैं : दशा होइन, उत्सव बनोस्



**जगन्नाथ पन्त**

दसैं र तिहारको बारेमा नबुझेका नेपाली को पो छौं र । त्यसमा पनि हिन्दू नेपालीले जन्मजात यी चाडवर्पको महत्व बुझेकै छौं । दशैं सबैले मनाउँदै आइएको भएता पनि पहिले र अहिलेकोमा धेरै फरक पाइन्छ । पर्वको आफ्नै महत्व रहेको छ । ठाउँ, परिवेश अनुसार पर्व मनाउने तरिका फरक भए पनि त्यसले दिने सन्देश र महत्व एउटै हुन्छ । गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठान भेगमा मनाइने पर्वको रितीरिवाजका बारेमा जानकारी दिने र बाल्यकालका सम्झनाहरुलाई यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

**दसैंको धार्मिक पक्ष**

सुरम्य छन् हाम्रा पर्वहरु । नेपालमा मनाइने सबै चाड र पर्वहरुले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई सबल बनाउदै आएका छन् । त्यसमा पनि शरद ऋतुको याममा पर्ने दसैं, तिहार र छठ पर्वको विशेष महत्व रहेको छ । पन्ध्र दिन सम्म मनाइने दसैंलाई सबै भन्दा ठूलो पर्वको रुपमा मनाइँदै आइरहेको छ । हिन्दूहरुको महान पर्व भनिने दसैंको पहिलो दिन कोट (कोत), मन्दिर र घर-घरमा देवी भगवतीको विशेष आराधना सहित घटस्थापना गरी शुभसाइतमा जमरा राखिने र नौ दिनसम्म नित्य पुजा गरिने भएकाले नवरात्रि पनि भनिन्छ । प्रतिपदादेखि नवमि सम्मलाई नवरात्रि वा नवदुर्गा भनि पुजा आराधना गरिन्छ । नवदुर्गाको पुजाको प्रसादको रुपमा प्रतिपदा अर्थात् घटस्थापनामा स्थापना गरेको घडा वा कलशको जल शेचन गरेर उक्त दिन राखेको जौं, गहुँ, मकैको जमरा र टिका दशमीका दिन मान्यजनबाट ग्रहण गरी आशिर्वाद लिईन्छ । प्रसाद आशिर्वाद लिने, दिने क्रम ठाउँ र चलन अनुसार पूर्णिमा सम्म रहन्छ । सप्तमीका दिनलाई फूलपात्री पनि भनिन्छ । कोत,मन्दिर र घर-घरघरमा नवपत्रिका अर्थात् दारिम, अुदुवा, फूल, पाती सहितका नौ थरिका फूल तथा पातहरु पुजास्थलमा प्रवेश गराइने र उक्त दिन अस्त्र शस्त्रहरुको पुजन समेत गरिन्छ । निशान (पल्टन विशेषका प्रतिक), खुडा, तरवार, हसिया बन्दुक आदि हातहतियारको सरसफाइ गरि पुजा गरिन्छ ।

**दसैं र बली प्रथा**

पशुबलीको पक्षमा जीव जीवश्य जीवन । अर्थात् एउटा जीवको जिउ अर्को जीवको बाच्ने आहार हो भन्ने शास्त्रमा छ भन्ने मत पनि छ । भगवती देवीको साथमा रहने डाकिनी, साकिनी, चर्तुसष्टि योगिनी, विषमज्वर आदिलाई खुसी पार्न पशुबली दिनै पर्छ पनि भनिन्छ । भगवती देवी फूल,अक्षता, चन्दन, अविर, जल, पत्र, धुप, दिप नैवेद्य, रोट बाटै प्रसन्न हुन्छिन् । देवीले पशुवली ग्रहण गर्दिनन् । गैह्र शाकाहारीले देवीका आसेपासेलाई भने पशुबलीले खुसी पार्न सक्छन् भन्ने तर्क पनि छन् । बली भनेको त्याग हो, मानिसमा रहेको लोभ, मोह,काम, क्रोध, इर्ष्या, माद, मात्सर्यको त्याग गर्न सके नवरात्रको देवी उपासना सार्थक रहन्छ भन्ने मत पनि छ । सात्विकहरुले कुभिण्डो, चिचिण्डो, घिरौला आदिको बली दिदा पुग्ने भन्ने मत पनि पाइन्छ । कोत र दुर्गा देवी मन्दिरहरुमा अष्टमी र नवमीका दिन बोका,रागा,भेडा, कुखुरा, हास, आदि पञ्चबली वा कुनै एक पशु बली दिने र रगत चढाइ मासु भने प्रसादको रुपमा खाने चलन नै छ । कुनै कुनै कोत वा कोटमा पूर्णिमाका दिन पनि बलि दिइन्छ । पूर्णिमालाई साक्यो ट्याक्यो अर्थात् बलि काटमार समापन भनेर पात्रोमा लेखिएको पाइन्छ । कोट र शक्तिपिठहरुमा पशुबली दिदा उक्त पशुले पशुजुनीबाट मुक्ति पाउने हुँदा बली चढाइने पशुको हितका लागि पशुबली राम्रो हो भन्ने मत पनि छ । पशु अधिकारकर्मी र सात्विकीहरुले पशुबलीको घनघोर विरोध पनि गर्दछन् ।

**दसैंको वातावरणीय पक्ष**

कतिपय अहिले सम्म पनि र पहिले ढुंगा माटाले निर्मित घर हुने हुँदा दसैंमा घर लिपपोत गरिन्थ्यो । अहिले पनि गरिन्छ । घरको पेटी वा पिढी भन्दा एक हात माथि सम्म सेमिको पातको रस वा हरियो रंगले सिगार्ने, भित्तालाई रातो माटोले वा गेरुले पोत्ने, छानोमुनिको भित्तामा एक हात जति कमेरो माटोले वा पहेलो माटोले लिपपोत गर्ने । छानामा डिजाइनका लागि बनाएका बुर्जामा सेतो कमेरोले लिप्ने, थाम (पिलर) र झ्याल ढोकामा रोगन (अलकत्रा) लगाएर वा इनामेल लगाएर वर्षको एक पटक चिठिक्क पारिन्थ्यो । जसले घरको मर्मत संहार हुने र गाउँघर सुन्दर देखिदा साच्चिकै दसैं आएको मानिन्थ्यो । आ-आफ्नो घरको आगन, डोर, तगालो (प्रवेश मार्ग र गेट) सम्म झारपात सफा गरेर दसैंलाई स्वागत गरिन्थ्यो । द्वितीयाका दिन एक घर एक जना झारा गएर सार्वजिक बाटोमा काडा, झारपात सफा गर्ने, बाटोका खाडल सम्माउने गर्नाले गाउँघर सफा सुग्घर हुन्थ्ये ।

**दसैंको साँस्कृतिक पक्ष**

धार्मिक चाडका साथै दसैं सांस्कृतिक पर्व पनि हो । सप्तमीका दिन फूलपाति भित्राउँदा नौमति बाजागाजाका साथ बन्दुक पड्काएर भित्र्याइन्छ । कोटघरदेखि नजिकको दुरीमा रहेका जलासय विशेष गरी पोखरी नजिक मानिसहरु हातहातमा घरबाट फूलका गुच्छा, पाति, दारिम, उखु, बेलपत्र आदि लिएर जम्मा हुन्छन् । सन्ध्या कालको गोधलीमा लिपपोत गरेको भुइँमा रेखी हालि पुजा गरिन्छ । अनि कुभिण्डोलाई सिंगारी कुभिण्डोको बलि दिइन्छ । नौमती बाजाको तालमा नाचगान गरिन्छ । डोलामा सबैले फूलपाती राखेर सकेपछि बाजागाजा गर्दै कोट घर सम्म पुर्याइन्छ । डोला बोक्ने खालि खुट्टा र शुद्ध बस्त्र धारण गर्दछन् । कोटमा पुऱ्याएपछि डोलाको पुजा गरी विधिपुर्वक फूलपाति भित्र्याइन्छ । हुन त सप्तसति चण्डिमा सप्तमम् कालारात्री भनिएको छ, तर कालारात्री भनेर अष्टमीका राती चन्द्रमा आधा अस्त भएको साइतमा बोकाको बलि दिइन्छ । कोटमा जम्मा भएकाहरुले प्रसादको रुपमा बलि दिएको बोका पकाएर भाग शान्ति खाने चलन छ । साना-साना दुई तीन चोक्टाका भागका लागि राति अवेर सम्म बस्दा चुड्किला भन्ने हसाउने चलन पनि छ । केहि कोटघर र जिम्माल, मुखियाको घरसँगै हुने ठाउँमा कालारात्रिका रात तिरो बुझाउनेहरुले ओलक लैजाने चलन थियो । सरकारको तर्फबाट जग्गाको मालपोत (तिरो) उठाउने जिम्मा पाएका व्यक्तिलाई जिम्माल, मुखिया भनिन्थ्यो । खेतको तिरो उठाउनेलाई जिम्माल र पाखा बारीको तिरो उठाउनेलाई मुखिया भनिन्थ्यो । ओलकमा केरा, कुराउनी र यस्तै मिठा चिजबिज हुन्थ्ये, जुन जिम्माल, मुखियाले कोसेलीको रुपमा खाने गर्दथे । नवमीका दिन कोटमा धुप, धजा, फूल, रोट चढाइन्थ्यो । कसैले भाकल गरेको रहेछ वा कुल बढाई गरेको रहेछ भने पञ्चबलि वा एकल बलि चढाउथे । पाडा, बोका, कुखुरा मार हानेको हेर्ने जात्रा नै हुन्थ्यो । काटिएको कुखुरा उफ्रेको हेरेर रमाइलो मान्थ्ये । बलि सकिए पछि पुजारिले धुपहाले पछि नवमीको पुजा सकिन्थ्यो । अनि सबैले आ-आफ्ना टाउका विनाका बली लिएर घर-घरमा जान्छन् । टाउका भने पुजारी, मारहान्ने र जिम्माल मुखियाको हुँन्थो । आजकल टाउका विक्रि गरेर कोटको आम्दानी गरिन्छ । जग्गा नापि पछि जिम्माल, मुखिया पनि हटे । दशमीका दिन जमरा मठमन्दिरमा चढाएर साइत पारेर मान्यजनबाट टिका र जमरा थापि आशिर्वाद लिइन्छ । एका खलकका जति सबैभन्दा नातमा जेष्ठको घरमा जम्मा भएर टिकाको कार्यक्रम हुन्थ्यो । चामलको अक्षतालाई दहीमा मुछेर, अविरले रंङ्याएर निधारभरी हुने गरी टिका लगाउँदा र जमरा कान, टोपि, कपालमा सिउँरिदा जो कोहि पनि आन्नदित हुन्छन् । आयू द्रोण...जयन्ति... स्वस्तुस्थिते... आदि उच्चारणले उर्जा मिलेको महशुस हुन्छ । सरकारी सिन्दुर लगाएस, सन्तानले डाँडाकाँडा ढाकुन, फलानो क्या बात भन्ने भएस् भनेर आशिस पाउँदा मख्ख परिन्थ्यो । टिका थाप्न जानेले रोटि, फलफूल कोसेली लैजाने, दक्षिणा पनि दिने चलन नै हो । ज्वाइ, छोरी, नातिनी र कन्यालाई, भाञ्जा भाञ्जी, छोरिपट्टिका नातिलाई भने टिका लगाई दिनेले नै दक्षिणा दिने चलन छ । उस्तै उमेरका छोरा पट्टिका केटाहरुले दक्षिणा नपाउँदा अन्याय महशुस गर्थे । आजकल सबैलाई दिने चलन पनि छ । दशमीका दिन मात्र टिका लगाउने चलन भएकालाई ससुराली र माईती मावली जान हम्मे हम्मे हुन्थ्यो । एक दिनभरिको बाटो हिड्नु पर्नेलाई कष्ट नै हुन्थ्यो । विवाह गरेको पहिलो दसैं ससुरालीमा ज्वाई छोरी जाँदा विशेष हुन्थ्यो । गाउँ भरिबाट दुध जम्मा गरेर, दुई/तीन दिन लगाएर कुराउनी घोटेर, घरिका घरी केरा, ताजा तरकारी आदि कोसेली दसैंका दिनंसँगै वा एक,दुई दिन पहिले भरिया लगाएर कोसेली लैजान पथ्यो । कसैले खसी, बोका, घरपालुपा मदिरा लैजान्थ्ये । पहिलो पटक ससुराली टिका थाप्न जाँदा विशेष कोसेली लैजाने चलन यद्यपी छदै छ । केरा,कुराउनीको मुल्य दक्षिणामा ससुरालीले कति दिए भनेर समीक्षा नै हुन्थ्यो ।केहि दक्षिणा बाहेक अरु रकम फर्केर घर आउना साथ अभिभावकलाई दिनु अनिवार्य थियो । दसैंका दिन लगाएको टिका र जमरा अर्को दिन बिहानै उठ्ना साथ निधारमा भए निधारबाट झिकेर र नभए ओछ्यान बाटै भए पनि जम्मा गरेर पोको पारेर राखिन्थ्यो र दसैं सकिए पछि देश प्रदेश जाँदासँगै लगे साइत पर्छ भन्ने विश्वास थियो । अहिले समय अनुसार चलन भने बदलिएका छन्, तर किन हो कुन्नी पहिले जस्तो दसैं रमाईलो कम लाग्छ । दसैंको समयमा मात्र गरिने सराय नाँचले जोस र उमङ्ग जाग्रित गराउँद छ । मुख्यतया: गुल्मी, अर्घाखाँची, पाल्पा र प्युठानमा सराय नाँच गरिन्छ । सप्तमीका दिन भित्र्याइएको फूलपाती सराय नाँच गर्दै नजिकको जलासयमा सेलाउने गरिन्छ । विजयको उत्सवको रुपमा सराय नाच हर्षोल्लास गरि मनाइएको हो भन्ने मान्यता रहेको पनि पाइन्छ ।

**दसैंको सामाजिक पक्ष**

दसैं वर्षमा एक पटक परिवारजन मिलनको अवसर पनि हो । पेशा, व्यवसाय गर्न, अध्ययन गर्न घर छोडेर टाडा गएकाहरु दसैंमा घरमा जम्मा हुँदाको खुसियाली वर्णन नै गर्न सकिदैनथ्यो । अहिले जस्तो टेलिफोन, मोवाइल, भिडियो कलको सुविधा थिएन । घरबाट हिडेदेखि घर फिर्ता नपुग्दा सम्म अवस्था थाहा हुँदैनथ्यो । सम्पर्कको साधन भनेको चिठी मात्र थियो । चिठी पनि लामो अवधि पुग्दैनथ्यो । बहिरंग चिठी त लापत्ता पनि हुन्थ्यो । गाउँघर, साथी भाई, ईष्ट मित्रसँग मिलन हुने समय दसैं नै भएकाले सामाजिक पुर्नमिलनका हिसाबले दसैंको महत्व उच्च थियो । घर व्यवहार मिलाउने, बाबु,आमा, छोरा छोरी, श्रीमान श्रीमति भेटघाट हुने पर्व दसैं प्राधान्य हुँदा सामाजिक पक्ष अतुलनीय थियो । हुन त अहिले पनि दसैंमा आ-आफ्नो जन्म थलो वा घर जाने चलन यथावत नै छ । पहिले भन्दा जमघट, भेटघाट, राजनीतिक भेला, शुभकामना आदान-प्रदान जस्ता पुनर्मिलनका कार्यक्रम झन् दर्बिला हुन्छन् । तर सञ्चार सुविधाका कारणले परोक्ष भेटघाट र संपर्क निरन्तर भैरहने हुँदा अहिले भन्दा पहिले दसैंको भेटघाट विशेष अवसर हुन्थ्यो । विविध कारणले आफन्तहरुमै मतभेद, बोलचाल वन्द, आवतजावत बन्द भएकोमा पनि लोकाचार नै सहि टिका थाप्न जानु पर्दा भेटघाट हुने, मनको मैलो पखालिने मौका पनि हो दसैं । नबोली नबोली नै सहि निधार तेर्साउँदा र मान्यजनको हातले स्पर्श हुँदा बोलचाल हुने, आशिर्वचनले मन फर्किने हुँदा दसैंले सामाजिक र पारिवारीक पुर्नसम्बन्ध स्थापित गर्दछ । बाबु आमाको सहमति विनै विवाह गरेर भेटघाट नभएका छोरी बच्चा बोकेर माईत जादा वाबु आमाको मन पग्लिने पर्व पनि हो दसैं । सपरिवार स्वादिष्ट भोजन धेरै दिनसम्म्म सँगै रमेर खाने पर्व पनि हो दसैं ।

**दशा र विकृति नबनोस् दसैं**

हामी धेरै अभाव र कम सुविधामा पनि रमाएर जिउन सकेकै चाडपर्वले हो । कैयन ठूला विपत्तिमा पनि हासि खुसि रहन सकेको पर्वहरुले हो । सामाजिक सद्भाव र सहिष्णुता हाम्रो धर्ममा निहीत छन् । अहिले जस्तो खेत बारी बाझा हुँदैनथे । मकै, गहुँ कोदो आदिका खाद्यान्नले जिविकोपार्जन हुन्थ्यो । धान प्रशस्त हुनेले पनि चाडपर्वमा मात्र र पाहुँना आएका बखत मात्र भात पकाउँदथे । सुत्केरी र बिरामी हुँदा बाहेक भात देख्न पाउदैनथे । धान सजिलै बिक्रि हुने हुँदा मट्टितेल, नुन, फिस तिर्न, ओखतिमुलो गर्न धान बेच्ने चलन थियो । सक्नेले दसैंमा खसी बोका ढाल्दथे नसक्नेले समुहमा एक/दुई बिलाले सन्तोष गर्दथे । आजकल जस्तो तागाधारीले कुखुरा र मदिरा खादैनथे । तर पनि दसैं भनेपछि मिठो मसिनो खाने, राम्रो लगाउने चलन थियो । अहिले तीजमा अरली काडैलेमा छाडा नाँचे झै दसैं विकृत नबनोस् । चिनीको भाऊ, अनाज र तरकारीको अचकाली भाऊले, सडकको दुरावस्थाले, यतायातका साधनको कोचाकोचले दसैं पक्कै पनि दशा बनेको छ । तर घाटी हेरी हाड निल्न त आफैले सिक्नु पर्दछ । महान पर्व हो, यसमा नरमाए कहिले रमाउने । दसैंको धार्मिक, सांस्कृतिक, सामाजिक महत्व र मौलिकता कम हुन नदिऔं । वडा दसैंको हार्दिक मंगलमय शुभकामना ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। | **तुला** : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। |
| **वृष** :आम्दानीका विभिन्न स्रोत देखिए पनि सोंचेको फाइदा नहुन सक्छ। | **वृश्चिक** : परिस्थितिवश चिताएको काममा अलमल हुन सक्छ। |
| **मिथुन** : मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। लगनशीलतामा कीर्तिमानी हन्छ । | **धनु** :अरूको फाइदाका लागि उपयोग भइनेछ आफ्ना परिस्थिति लागि प्रतिकूल रहनेछ। |
| **कर्कट** :अरूका काममा समय बित्न सक्छ। प्रयत्न गर्दा केही काम बन्नेछन्। | **मकर** :व्यापारमा मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। |
| **सिंह** :सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले समस्या पार लगाउन सकिनेछ। | **कुम्भ** :सोचे आटेको काम पुरा हुनेछ । प्रेममा सफलता मिल्नेछ । |
| **कन्या** :मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। | **मीन** :विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ |

मनोरञ्जन

# अनमोलको 'फर्की फर्की' रिलिज जेठ ११ लाई निश्चित



'सानो मन' फेम्ड निर्देशक सुयोग गुरुङको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'फर्की फर्की'को छायांकन सुरु नहुँदै प्रदर्शन मिति घोषणा गरिएको छ । आगामी वर्षको जेठ ११ गतेलाई फिल्मको प्रदर्शन निश्चित भएको निर्माता रोहित अधिकारीले जानकारी गराए । यसअघि फिल्मलाई आगामी फागुन २५ गते रिलिज गर्ने तयारी थियो । तर, छायांकनको ढिलाइले रिलिज अर्को वर्ष पुगेको छ ।

यसैबीच, फिल्मको वर्कसप पनि सुरु गरिएको छ । आइतबारदेखि सुरु भएको वर्कसपमा फिल्मका मुख्य अभिनेता अनमोल केसी, नव-कलाकारद्वय रवि काफ्ले र समृद्धि अर्याल संलग्न छन् । यतिखेर बेलायतमा रहेकी फिल्मकी मुख्य अभिनेत्री जसिता गुरुङ भने केही दिनमै वर्कसपमा जोडिने जनाएको छ । लभस्टोरी कथामा बन्न लागेको फिल्मलाई लिएर अनमोल उत्साहित देखिएका छन् । काठमाडौं, पोखरा र अन्नपूर्ण बेस क्याम्पमा छायांकन गरिने फिल्मको एउटा गीत इन्डोनेसियाको बालीमा खिचिने निर्देशक गुरुङले जानकारी दिए । रोहित अधिकारीले ओम प्रकाश अग्रवालसँग सहकार्य गरेर बनाउन लागेको फिल्मको सह-निर्मातामा मनोज वली र राम न्यौपाने रहेका छन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन, रोमन बज्राचार्य, नरेन लिम्बु र अनमोल गुरुङको संगीत रहनेछ । फिल्मको तिहारपछि अर्थात् आगामी मंसिर १ गतेबाट छायांकन सुरु गर्ने तयारी गरिएको छ । गत महिना फिल्मको 'अनाउन्समेन्ट' टिजर सार्वजनिक गरिएको थियो, जसमा अनमोलले निभाएको पात्रको मनोविज्ञान र उत्साहलाई प्रस्तुत गरिएको थियो । फिल्मलाई काठमाडौंमा काफिया फिल्मर्स र मोफसलमा कुबेर फिल्र्मले वितरण गर्नेछ । अन्तर्राष्ट्रिय वितरकमा एमएसएम इन्टरटेन्मेन्ट छ ।

*-फिल्मी खबर डटकम*

# 'महाजात्रा'मा जोडिए दिव्यदेव र गौमाया



षट्कोण आर्ट्सको आगामी फिल्म 'महाजात्रा'ले कलाकारको लाइनअप विस्तार गरिरहेको छ । यो मल्टिस्टारर फिल्ममा हरिवंश आचार्य, रविन्द्रसिंह बानियाँ र विपिन कार्की रहने पक्का भइसकेको छ । अब यो सूची थप फराकिलो बन्दैछ । कलाकारको लाइनअपलाई लिएर नयाँ खबर छ । 'महाजात्रा'मा अभिनेता दिव्यदेव पन्त र 'कबड्डी ४' बाट डेब्यू गरेकी गौमाया गुरुङ पनि जोडिएका छन् । कार्यकारी निर्माता समेत रहेका अभिनेता बानियाँले यी दुई कलाकार अनुबन्धित भएको जनाए ।

उनका अनुसार अन्य केही कलाकार पनि थपिनेछन् । 'हामी आर्टिस्टको लाइनअपलाई बलियो तुल्याउन चाहन्छौं,' बानियाँले भने, 'दर्शकले पक्कै पनि आफ्ना प्रिय कलाकारलाई यसमा देख्नुहुनेछ ।' दशैंलगत्तै छायांकन हुने तयारीमा रहेको यो फिल्म जात्रा र जात्रैजात्राको तेस्रो श्रृंखला हो । 'जात्रा ३' समेत भन्न सकिने यो फिल्मका अघिल्ला भागले घरेलु फिल्ममा कसरी कमेडी पनि यथार्थपरक र परिस्थितिजन्य हुन्छ भन्ने पुष्टि गरेको थियो । प्रदीप भट्टराईको निर्देशन रहने फिल्मलाई षट्कोण आर्ट्सका म्याक्स दीपेश खत्रीले निर्माण गर्दैछन् । महापुरुष र जात्राजस्ता सुपरहिट फिल्म दिएको षट्कोणले यो फिल्म पनि दर्शकमाझ प्रतीक्षित छ । फिल्म छायांकन नहुँदै फिल्मको अन्तर्राष्ट्रिय अधिकार बिक्री भइसकेको छ । फिल्म आगामी चैत ९ गते रिलिज गर्ने तयारी छ ।

*-अनलाइन खबर डटकम*


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०६/३०**

शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको चलानी नं.३५४ मिति २०८०/०६/३० को पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०६/२४ को निर्णय अनुसार यस विद्यालयमा रिक्त मा.वि तह तृतीय श्रेणी विज्ञान विषय शिक्षक पदमा करारमा शिक्षक नियुक्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसार दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ३/२०८०/०८१, **पद तथा संख्या:** शिक्षक (करार) १ जना

**तह** : माध्यमिक, **श्रेणी** : तृतीय, **विषय** : विज्ञान

**न्युनतम शैक्षिक योग्यता** : विज्ञान विषयमा स्नातक उत्तीर्ण वा सो सरह

**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको

**तलब भत्ता** : नेपाल सरकारले तोके अनुसार

**निवेदन दिनुपर्ने मिति** : २०८०/०६/३० गते देखि २०८०/०७/१४ गते विद्यालय समयसम्म

**सम्पर्क मिति** : २०८०/०७/१५ गते ०१ बजे

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता, **निबेदन दस्तुर** : रु १०००/-

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र, आफुले हासिल गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र स्थाई अध्यापन अनुमति पत्र प्रत्येकको २/२ प्रति प्रमाणित प्रतिलिपि दरखास्त साथ संलग्न हुनुपर्ने, परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने

**थप जानकारीको लागि सम्पर्क** : ९८५७०६२८१५

**पुनश्चः** कम्प्युटर सीप भएको, अंग्रेजी भाषामा दख्खल भएको, माथिल्लो योग्यता भएको अनुभवी उमेद्वार भएमा अझ राम्रो मानिनेछ ।

**श्री भैरव नवदीप माध्यमिक विद्यालय**

रैनादेवी छहरा-४, पाल्पा


विजया दशमी २०८० को अवसरमा

विजया दशमीको अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कविता नेपाल – प्रबन्धक | भरत शर्मा – सचिव | झपेन्द्र गहिरे – अध्यक्ष

श्रीनगर बहुउद्देश्यीय सहकारी संस्था लि.

तानसेन, पाल्पा



विजया दशमी २०८० को शुभकामना

विजया दशमीको अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डोलराज अर्याल – प्रबन्धक | अशेष भट्टराई – सचिव | झमन बहादुर राजमगर – अध्यक्ष

श्री नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि.

तानसेन, पाल्पा



बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

देश तथा विदेशमा रहनुहुने दाजुभाइ, दिदी बहिनी, शेयर सदस्य, कर्मचारी तथा सम्पूर्ण सेवाग्राही महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शाखा प्रबन्धक: लेखनाथ भट्टराई

"Access to All"

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

तानसेन, पाल्पा



विजया दशमी २०८० को शुभकामना

विजया दशमीको अवसरमा सम्पूर्ण सेवाग्राही तथा देश विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विरेन्द्र थापा

शाखा प्रमुख

वर्ल्डलिंक कम्युनिकेशन लि. परिवार

तानसेन, पाल्पा



बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमीको शुभ अवसरमा दाजुभाई, दिदीबहिनी, इष्टमित्र, सहकारी अभियान्ता, शेयरसदस्य, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राहीवर्ग महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ईश्वरी देवी कोइराला – कार्यालय प्रमुख | जगदीश भट्टराई – अध्यक्ष

एवं

बचत तथा ऋण सहकारी संघ लि. परिवार

तानसेन, पाल्पा



बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमीको शुभ अवसरमा दाजुभाई, दिदीबहिनी, इष्टमित्र, सहकारी अभियान्ता, शेयरसदस्य, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राहीवर्ग महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण प्रसाद भुषाल – सचिव | भूपति पाण्डे – अध्यक्ष

एवं

जिल्ला सहकारी संघ लि. परिवार

तानसेन, पाल्पा

## विजया दशमीको शुभकामना

विजया दशमी २०८० को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



तुल्सी सुर्यवंशी — सचिव
योगेन्द्र कुमार गैरे — अध्यक्ष

**श्री समृद्ध बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

## विजया दशमी २०८० को अवसरमा

सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



धनिश्वर बस्याल — सचिव
भोजराज पोखेल (रामजी) — अध्यक्ष

**श्री तानसेन बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

## वडादसै २०८० को पावन अवसरमा

हार्दिक मंगलमय
**शुभकामना**

विजया दशमीको अवसरमा आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. मोहन दर्लामी
**होटल तानसेन भ्यू परिवार**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

रुपचन्द्र थापा — प्रिन्सीपल
एवं
माधव प्रसाद नेपाल — वि.व्य.स.अध्यक्ष

**बेथल इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कूल परिवार**
तानसेन, पाल्पा

## बडादसैं २०८० को पावन अवसरमा

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. हरिकृष्ण/हरि बस्याल
**विन्दवासीनी ट्रेडर्स परिवार**
तानसेन–१, मेहल्धारा, पाल्पा

## विजया दशमी २०८० को शुभकामना

विजया दशमी २०८० को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



नविन कुमार बज्राचार्य — व्यवस्थापक
हरि रायमाझी — अध्यक्ष

**श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

अनुराधा बज्राचार्य — प्रिन्सीपल
एवं
विरेन्द्रकाजी शाक्य — वि.व्य.स.अध्यक्ष

**बिजु इङ्गलिस बोर्डिङ्ग स्कूल परिवार**
तानसेन-२, बडिशान टोल, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

गंगा बहादुर खत्री — प्रिन्सीपल
एवं
जगदीश भट्टराई — वि.व्य.स.अध्यक्ष

**पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ्ग स्कूल परिवार**
तानसेन, पाल्पा

## बडादसैं २०८० को हार्दिक शुभकामना



विजया दशमी, शुभ दिपावली तथा छठपर्वको सुखद् अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. कमल विश्वकर्मा
**न्यू कमल अर्जुन सुनचाँदी पसल परिवार**
तानसेन–२, मेहल्धारा, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

सन्तवीर बराल — प्र.अ.
एवं
पुस्कर राज रेग्मी — वि.व्य.स.अध्यक्ष

**पद्मा पब्लिक नमूना माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा सम्पूर्ण ग्राहकवर्ग, इष्टमित्र तथा व्यवसायी महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

हस्त बहादुर सुनार — सचिव
सुमिर कुमार समरखाती — अध्यक्ष
एवं

**पाल्पा ग्रील आल्मुनियम तथा स्टील व्यवसायी संघ परिवार**
तानसेन, पाल्पा

## बडादसैं २०८० को शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. बसन्त बस्याल
**देउराली फर्निचर उद्योग परिवार**
तानसेन–५, ढुङ्गाखानी, पाल्पा
(सम्पर्क नं. ९८६७८७३२०९, ९८४७५३२३५४)

हामीकहाँ सबै किसिमका फर्निचर हरेक डिजाइनका चौकोस, सोफासेट, पलङ, दराज, कुर्सी, टेबल, डाइनिङ-सेट लगायत फर्निचर सम्बन्धी अडर अनुसार सम्पूर्ण सामानहरु उपलब्ध गराइन्छ ।

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई